# Bulletin

society for humanism (SOCH) nepal
सोच नेपाल
SOCH Nepal
FOR THE DIGNITY & HAPPINESS

A Publication of Society For Humanism (SOCH) Nepal, Issue 32 Jul-Sep 2021



गोरखा नगरपालिका वडा नम्बर ८ को खोलखोलेदेखि नगरपालिका कार्यालय जाने निर्माणका नाममा ठेकेदारले ढिलासुस्ती संगै लापरवाही गरी हिडडुल र सवारी प्रवेश बन्द गराएर स्थानीयललाई सास्ती दिएको भन्दै नागरिक समाजले स्थलगत अनुगमनपछि २ घण्टा सडकमै धर्ना दिएपछि बाटो खुला गरिएको छ ।

थप पृष्ठ ३ मा

**SOCH Nepal's Vision** : A Rational Nepali Society wherein all enjoy equal dignity as a human being

**SOCH Nepal's Mission** : SOCH Nepal is Committed to promoting human dignity by enhancing governance, humanism, secularism and cultural reform

SOCH Nepal is committed to promoting human dignity by increasing rational human Mass

# कुन्तादेवी स्थानीय सभा बैठक प्रतिवेदन

सोच नेपालको समन्वय तथा USAID/Fhi360 को वित्तिय सहयोगमा ओखलढुङ्गा जिल्लामा सञ्चालित नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत ओखलढुङ्गा जिल्लाको मोलुङ गाउँपालिकाको कुन्तादेवीमा स्थानीय सभाको बैठक अगष्ट ७, २०२१ सम्पन्न भएको छ। स्थानीय सभाका अध्यक्ष ईन्दिरा खत्रीको अध्यक्षतामा बैठक सम्पन्न भएको बैठकमा २५ जनाको सहभागिता रहेको थियो।

कुन्तादेवीका निर्वाचित वडा सदस्यहरु समेत उपस्थित रहेको स्थानीय सभाको बैठकमा विभिन्न महत्वपूर्ण निर्णयहरु भएका छन्। बैठकमा छलफलको क्रममा गत आर्थिक वर्षमा मोलुङ गाउँपालिकाका कृषि शाखा मार्फत वडाका विभिन्न कृषक तथा कृषक समूहहरुका लागि भनि वितरण गरिएको प्लाष्टिक पोखरीका लागि पाल र पोखरी निर्माण गर्नका लागि प्रतिव्यक्ति बराबर ६५०० को व्यबस्था गरेको भएपनि विभिन्न वहानामा कुन्तादेवीका १ जना कृषक र एउटा समूहले पाल पाएपनि निर्माण खर्च वापतको रकम हालसम्म पनि नपाएको र रकम माग गर्दा कृषि शाखाका कर्मचारीहरु मार्फत विभिन्न बहानामा टार्ने गरेको भन्ने गुनासो आएकोले उक्त विषयमा छलफल भयो। कृषकले किन निर्माण बापतको खर्च नपाएको भन्ने बारेमा वडा मार्फत गाउँपालिकाका ध्यानाकर्षण गराउने निर्णय अनुसार वडा सदस्यहरुलाई समेत ध्यानाकर्षण गराईएको थियो। त्यसबारेमा १५ दिनभित्र सम्बन्धितले निर्माण खर्च दिलाउने प्रतिबद्धता वडा सदस्यहरुले गर्नुभएको छ।

त्यस्तै साउन २२ गते शुक्रबार आएको हावाहुरीका कारण कुन्तादेवीका अधिकांस कृषकका पाक्न लागेको मकैवालीमा क्षति पुर्‍याएकोले आवश्यक अनुगमन गरि उचित क्षतिपूर्ति उपलब्ध गराउन पालिकाको ध्यानाकर्षण गराउने निर्णय भएको थियो। निर्णय अनुसार सभाको बैठकबाट नै टेलिफोन मार्फत गाउँपालिकाका अध्यक्ष मणीराज राई र पालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत सन्तोष गौतमको ध्यानाकर्षण गराईएको थियो। आईतबार बस्ने गाउँ कार्यपालिकाको बैठकमा उक्त विषयमा छलफल चलाउन प्रतिबद्धता उहाँहरुले टेलिफोन मार्फत नै समितिका सदस्यहरुलाई जानकारी गराउनु भएको थियो।



बैठकमा छलफलको क्रममा वडा सदस्यहरु मार्फत वडालाई गत आर्थिक वर्षमा कुन्तादेवीमा सञ्चालन भएका योजनाका बारेमा र आगामी आर्थिक वर्षमा गाउँपालिकावाट वनियोजन भएको बजेट सार्वजनिकीकरण कार्यक्रमको आयोजना गर्न अनुरोध गरिएको थियो। स्थानीय सभाको बैठकमा सहभागीहरुको आग्रहलाई स्वीकार गर्दै सम्पन्न भएका गत आर्थिक वर्षको योजना तथा आगामी आर्थिक वर्षका लागि वडामा आएका योजना तथा विनियोजन भएको बजेटका बारेमा साउन २९ गते सावजनिक सुनुवाई गर्ने प्रतिबद्धता वडा सदस्यहरु मार्फत वडा अध्यक्ष प्रदिप कुमार बानियाले गर्नु भएको छ।

बैठकमा आमा समूह सञ्जाल मार्फत भएको खर्चको पारदर्शिताको विषयमा समेत प्रश्न उठेकोले वडा कार्यालयको तर्फवाट आवश्यक समन्वय गर्न बैठकमा अनुरोध भएको थियो। बैठकमा सहभागीहरुको अनुरोधलाई स्विकार गर्दै निर्वाचित वडा सदस्यहरुले वडाको पहलमा नै सञ्जालका सदस्यहरुसँग वसी आवश्यक छलफल गरि खर्च पारदर्शि र सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

त्यस्तै बैठकमा स्वास्थ्य चौकीमा सामाग्रीको अभावमा सुत्केरी गराउन समस्या भएको गुनासो आएका थियो । त्यस गुनासोका सन्दर्भमा स्वास्थ्य चौकी प्रमुख नरेन्द्र ढकालले उत्तर दिदै पहिला केही समस्या भएपनि अहिले वानहर्ट भन्ने सस्था मार्फत वर्थिङ सेन्टरका लागि आवश्यक सामाग्री आएकोले अहिले कुनै पनि समस्या नरहेको बताउनुभएको थियो । तर स्वास्थ्य चौकीमा रहेको सोलारमा भने प्राविधिक समस्या भएकोले सामान मर्मतका लागि वडा कार्यालयमा पहल गर्ने बताउनुभएको थियो ।

त्यसैगरि पछिल्लो समयमा सोच नेपालको तर्फवाट नेतृत्व विकासका लागि छनौट भएको साउने लित वस्तिका बारेमा समेत छलफल भएको थियो । छलफलका क्रममा उक्त बस्तिवाट सहभागी भएका केही प्रतिनिधी सदस्यहरुले वडा तथा गाउँपालिकावाट नै आनो बस्ती छायामा परेको भन्दै उक्त बस्तिमा कृषिजन्य उत्पादन, आयआर्जन मूलक शिप र कार्यक्रम तथा परम्परागत व्यबसायको बारेमा सम्बोधन गरिदिन अनुरोध गर्नुभएको थियो । उक्त विषयमापनि आगामी वडाको बैठमा नै आफूहरुले छलफल गर्ने वडा सदस्यहरुले प्रतिबद्धता जनाउनुभएको थियो ।

## ४ महिनादेखि बन्द बाटो नागरिक दवावपछि खुल्यो

ठेकेदारले सडक निर्माणका नाममा ४ महिनादेखि हिडडुल र सवारी प्रवेश बन्द गराएर स्थानीयललाई सास्ती दिएको भन्दै नागरिक समाजले धर्ना दिएपछि बाटो खुला गरिएको छ । गोरखा नगरपालिका वडा नम्बर ८ को खोलखोलेदेखि नगरपालिका कार्यालय जाने सडक निर्माणका क्रममा ठेकेदारले ढिलासुस्तीसंगै लापरवाही र अनावस्यक दुख दिएको भन्दै नागरिक समाजले स्थलगत अनुगमनपछि २ घण्टा सडकमै धर्ना दिएका थिए ।



मिति २०७८ असोज २ गते शनिबार नागरिक साझा सवाल गोरखाको नेतृत्वमा भएको कार्यक्रममा जिल्लामा क्रियाशिल नागरिक समाज, अधिकारकर्मी, जनप्रतिनिधी, सञ्चारकर्मी लगायत स्थानीय बासिन्दाको सहभागिता रहेको थियो । अनुगमन र धर्ना दिएपछि भोलीपल्ट आइतबार नै सो बाटो सवारी र पैदल यात्रुका लागि खुला गरिएको हो । नागरिक समाजले निगरानीसंगै सडकमै धर्ना दिएर दवाव सृजना गरेपछि केन्द्रिय आयोजना कार्यान्वयन इकाई कास्कीको ठाडो निर्देशनमा बाटो खुला गरिएको हो ।

२०७५ जेठ १६ गते केन्द्रिय आयोजना कार्यान्वयन इकाई कास्कीले सो सडकमा नालीसहित कालोपत्रेका लागि २ करोड ४६ लाख ७३ हजार रुपैयामा मिनिलियम कल्प वृक्ष जेवीसंग सम्झौता गरेको थियो । तर सम्झौताको म्याद २ पटक सकिदा समेत ठेकेदार कम्पनीले काम सम्पन्न नगरी झनै अलपत्र बनाएको भन्दै नागरिक समाज, अधिकारकर्मीसहित स्थानीयले बिरोध जनाएका हुन ।

सो सडक निर्माणको काम २०७६ मंसिर १६ गते सक्ने गरी ठेकेदार हरी पन्तले जिम्मा लिएका थिए । तर ठेकेदार पन्तले सो समयसम्म २० प्रतिशत पनि काम नसकेपछि कार्यान्वयन इकाइले म्याद थप गरी २०७७ भदौ ५ गतेसम्मको समयसिमा दिएको थियो ।

तर त्यो समयसिमा कटेर हाल एक बर्ष बितिसक्दा समेत काम अलपत्र छ । '१ बर्षमा काम सक्ने भनेको ३ बर्षअघि नै हो,

तर हेर्नुस त बाटोको हालत' स्थानीय बिनोद बस्नेतले भने 'अहिले ४ महिना भयो बाटो मेसिनले बाटो छेकेको, न काम गर्छ न बाटो खोल्छ, यो त अति नै भयो ।'

गोरखा नगरपालिकासहित पूर्वाधार कार्यालय, वन डिभिजन कार्यालय लगायतका सरकारी कार्यालय जाने मुख्य बाटो नै बर्षौदेखि अलपत्र बनेपछि सेवाग्राही र स्थानीयले सास्ती भोग्दै आएका छन् । सो क्षेत्र जाने वैकल्पिक सडक भएपनि अत्याधिक उकालो र ओरालो भएकाले यात्रा निक्कै जोखिमपूर्ण रहेको स्थानीय बताउछन् ।

'यहाँ आउने बाटो नभएको होइन तर जसो तसो मान्छेले बाइक र मोटर ल्याउन सक्ने बाटो नै छैन, यहिविचमा यहि बाटोमा यात्रा गर्दा दुर्घटना भएर एक जनाको ज्यानै गइसक्यो' स्थानीय कृष्ण बाबु थापाले भने 'न बिरामी पर्दा एम्बुलेन्स आउछ, न मान्छे मर्दा शव वहान आउन सक्छ, पिडा झेल्ने पनि सिमा हुन्छ नि, सडकमा हिड्दापनि घुँडासम्म पाइन्ट सारेर हिड्नुपर्ने बाध्यता कहिलेसम्म ?'

बिरोध कार्यक्रममा सहभागी गोरखा नगरपालिकाकी उपमेयर विनाकुमारी श्रेष्ठले सो सडक निर्माणको जिम्मा संघिय आयोजना अन्तर्गत भएकाले स्थानीय सरकारले चाहेरपनि केहि गर्न सक्ने अवस्था नरहेको बताएकी छिन् । 'हामीपनि जोखिम मोलेर अफिस आउजाउ गर्नुपर्ने अवस्था छ, पोखराको अफिस र ठेकेदारलाई हामीले बारम्बार भनेका छौ तर हाम्रो समेत सुनुवाई भएको छैन' उनले भनिन 'अब जनता जाग्नुको विकल्प छैन ।'

वडाध्यक्ष कृष्ण बहादुर खत्रीले भने बाटो बनाउन जनताले आन्दोलन गर्नुपर्ने अवस्था आउनु दुखद भएको बताएका छन् । स्थानीयसंगै विरोध कार्यक्रममा सहभागी भएका केसीले केन्द्रिय आयोजना र ठेकेदारका कारण स्थानीय सरकार समेत बदनाम हुनुपरेको दुखेसो गरे ।

त्यस्तै नागरिक साझा सवालका संयोजक स्थानेश्वर दुवाडीले तिनै तहका सरकारका सार्वजानिक सेवा प्रवाह र सञ्चालित विकास निर्माणका काममा नागरिक निगरानी बढाउनुपर्ने र सकरात्मक दवाव सृजना गर्दै उनिहरुलाई जवाफदेहि बनाउन सबै नागरिक एकतावद्ध हुनुपर्नेमा जोड दिए ।

गोरखा नगरपालिका वडा नम्बर ६ रेडक्रश- आयुर्वेद- आलेगाउँ- जिल्ला वन कार्यालय तथा नपा चोकदेखि डिभिजन कार्यालयसम्मको सडक स्तारोन्नती गर्ने योजना शिर्षकबाट सो सडक ४ मिटर चौडा गरी कालोपत्रे गर्ने कामसंगै आलेगाउँबाट रेडक्रश भवनसम्मको उकालो बाटो ढलानको समेत जिम्मा थियो । तर ठेकेदार पन्तले आलेगाउँबाट रेडक्रशसम्म दुई स्थानमा गरी २१० मिटर दुरीमा कालोपत्रे काम समेत सकेका छैनन् ।

त्यो संगै खोलखोलाबाट नगरपालिका जाने सडकको काममा समेत उल्लेख्य प्रगती हुन सकेको छैन । यता सो सडक निर्माणको ठेक्का लगाउने संघिय आयोजना कार्यान्वयन इकाइका प्रमुख झपटबहादुर थापासमेत सडक निर्माणमा ढिलाई भएको स्विकार्छन् । 'यो धेरै ठूलो योजनापनि होइन, अब धेरै काम पनि छैन' उनले भने 'ठेकेदारले समयमा काम नगरिदिएकै हो, यसमा लुकाएर लुक्ने बिषय छैन हामीले ताकेता गरिरहेका छौ, बाटो बन्द गरिएको कुरा हामीलाई जानकारीमा दिएन, नागरिक समाजलाई धन्यवाद ।'

नागरिक दवावपछि बाटो खुलेसंगै हाल स्थानीय र सरकारी कार्यालयमा आवत जावत गर्ने यात्रु र सवारीलाई सहज भएको छ ।

## जबाफदेहिता तथा पारदर्शिता प्रबर्दनको लागि सार्बजनिक सुनुवाई

सोच नेपालको सहजिकरणमा गोरखा जिल्लाका विभिन्न ५ वटा वडामा सार्बजनिक सुनुवाई सम्पन्न भएको छ सार्बजनिक सुनुवाई गोरखा नगरपालिकाका ४ वटा वडामा र सहिदलखन गाउपालिकाको १ वटा वडामा संचालन भएको हो । वडा कार्यालयहहरुले बर्षभरि गरेका कामको प्रगति विवरण प्रस्तुत गर्नुका साथै वडा भित्र संचालनमा रहेका योजनाहरुको समिक्षा गर्नुका साथै आम्दानी र खर्चको जानकारी गराई नागरिकको प्रतिक्रिया लिई आगामि आ.ब.का कार्यक्रमको योजनाका बारेमा छलफल भएको थियो ।

## जबाफदेहिता तथा पारदर्शिता प्रबर्दनको लागि सार्बजनिक सुनुवाई

सार्बजनिक सुनुवाइमा नागरिकले गरेका गुनासोलाई पालिकाका प्रमुख तथा वडा अध्यक्षहरुले नगरपालिकाका कमिकमजोरीलाइ आगामी दिनमा सुधार गर्ने । हरेक बर्षको योजना तर्जुमा प्रकृयामा नागरिक सहभागिता गराउने, वडाभित्र सञ्चालन हुने हरेक यो जनालाई प्रभावकारी कार्यान्वयन गराउने, नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम तथा योजनाहरुलाई पारदर्शि, जवाफदेहि बनाउन आफुहरु प्रतिवद्ध भएर लाग्ने, लक्षितवर्ग लाइ प्राथमिकतामा राखि कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।







सोच नेपालले स्थानिय तहमा सार्बजनिक सुनुवाई निर्देशिका निर्माणमा सहयोग गर्दै आईरहेको छ ।

## सामाजिक जवाफदेहिताका औजारहरुबारे अभिमुखिकरण सम्पन्न

USAID र FHI 360 को सहयोगमा सोच नेपाललद्धारा संचालित पारस्पारिक जवाफदेहिता स्थानिय अभियान अन्तर्गत काठमाण्डौंको बुढानीलकण्ठ नगरपालिकाका युवा हरुलाई सामाजिक जवाफदेहिताका संयन्त्र बारे २४ सेप्टेम्बर २०२१ मा एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

बुढानीलकण्ठ युवा परिषद् तथा सोच नेपालको सहकार्यमा बुढानीलकण्ठका विभिन्न संघ संस्था, युवा क्लब तथा पेशा व्यवसायमा संलग्न युवाहरुलाई अभिमुखिकरण गरिएको हो ।

सार्वजनिक निकायबाट हुने योजना तर्जुमा, सेवा प्रबाह तथा भएको खर्चको प्रभाबकारीता बृद्धि गर्न तथा सरकारलाई नागरिक प्रति जवाफदेहि बनाउन प्रयोग गरिने विभिन्न संयन्त्रका बारे युवाहरुलाई प्रशिक्षण गराइएको हो ।

सुचनाको हक, सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सामुदायिक अंक पत्र लगायतका औजारहरुको प्रयोग, प्रकृया र कानुनी बिषयमा प्रशिक्षक यादव नेपाल सहभागीहरुलाई प्रशिक्षण गराउनु भएको थियो ।

युवा जागरुक भए मात्र सुशासन कायम गर्न सकिने भएकाले स्थानिय सरकारले गरेका हरेक काममा चासो राख्न र प्रश्न गन सोच नेपालका संझना प्यकुरेलले बताउनु भयो ।



नागरिकलाई नगरपालिकामा हुने गरेका कयाकलापमा युवाको सहभागिता र चासो बृद्धि गन जवाफदेहिताका औजारको प्रयोग अपरिहाय भएको र औजारको जानकारीले तथा क्षमता बृद्धि भइ नगरले गर्ने हरेक काममा चासो राख्न र आवाज उठाउन सहयोग पुग्ने सहभागिहरुले बताएका थिए ।

सामाजिक जवाफदेहिताका औजार तथा यसको प्रयोग विधिको जानकारीले स्थानिय सरकारलाई जवाफदे

हि बनाउन जिम्वेवार नागरिकको भुमिका निर्वाह गर्न मद्दत पुग्ने सहभागिहरुले राखेका थिए ।

सोच नेपालले बुढानिलकण्ठ नगरपालिकामा पारस्पारिक जवाफदेहिता स्थानिय अभियानकार्यक्रम अन्तर्गत शिक्षा, स्वास्थ्य, क ृषि लगायतका जनसरोकारका विषयमा विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।

## काठमाण्डौंको बुढानीलकण्ठ स्थित नगरकोटी समुदायमा रेडियो श्रोता समुह गठन

मानववादी समाज (सोच) नेपालले संचालन गरेको पारस्पारिक जवाफदेहिता : स्थानिय अभियान कार्यक्रम अर्न्तगत बुढानीलकण्ठ नगरपालिका वडा नं.११ पैयाटार नगरकोटी बस्तीमा लुमन्ती युवा समुह नाम रहेको रेडियो श्रोता समुह गठन गरीएको छ । रेडियो कार्यक्रमहरु सुन्ने र समुदायमा रहेका समस्याहरुमा छलफल गर्ने, पहिचान भएका समस्या समाधानको लागि सरोकारवालाहरु संग पहल गर्ने उद्देश्यले समुह गठन भएको हो ।

स्थानिय राजकुमार नगरकोटीको अध्यक्षतामा गठन भएको श्रोता समुहमा १३ जना सदस्य रहेका छन् ।

नगरकोटी बस्ती राजधानीकै बस्ती भए पनि मानवीय बिकास, शिक्षा, पुर्वाधार बिकास लगायतका दृष्टिले पछाडि परे को समुदाय छ । विद्यालय जाने उमेर समुहका वालबालिका विद्यालय छोडेर बसेको अवस्था छ । पुर्वाधार विकासका हिसावले यो समुदायमा यस अघि स्थानिय सरकारबाट बजेटमा परेको योजना पनि संचालन गर्न नसकिएको स्थानिय श्याम नगरको टीले बताउनु भयो ।

## कोभिड डाटा व्यवस्थापनमा सोचको सहयोग

सोच नेपालले एशिया फाउनडेसन संगको सहकार्यमा स्वास्थ्यतथा जनसंख्या मन्त्रालयसंग निरन्तर कार्य गरिरहेको छ । कोभिड महामारी सुरुवात भएदेखि स्वास्थ्य क्षेत्रको सुशासन तथा जबाफदेहिता प्रबर्दनको लागि विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय दाताहरुको सहकार्यमा हाम्रो स्वास्थ्य मोबाइल एप तथा MOHP Dashboard निर्माण गरि कोभिडको बिबरण, सूचनाहरु सम्प्रेषण भईरहेको छ ।

## Contact Details

Society for Humanism (SOCH) Nepal

Battisputali-9, Kathmandu, Nepal

GPO Box No. 670,

Phone : + 977-01-4597168, 01-4584777

Email: sochnepal@gmail.com

Website : www.sochnepal.org

Management : Samjhana Pyakurel

Content : Rajendra Koirala , Mohasin Ali Miya, BN Shrestha

Design : Rajendra Koirala